मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मेलम्ची, सिन्धुपाल्चोक

बागमती प्रदेश, नेपाल

## आर्थिक प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८/०८/०७

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ.(४) तथा मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा (६) मा भएको व्यवस्था बमोजिम यस नगरपालिका क्षेत्र भित्रबाट आ.व. २०७८/०७९ मा संकलन भई निकासी हुने खाली सिसी, प्लाष्टिक, बोतल, पुराना भाँडाकुँडा, पुराना जुत्ता, चप्पल, ग्यालिन, जर्किन, खाली बोरा, तेलको टिन, धातुको टुक्रा तथा कबाडी सामानहरु र प्रशोधन गरी पुन: प्रयोगमा आउन सक्ने कबाडीजन्य सामानहरुको बिक्री/निकासी गरी राजस्व संकलन गर्ने प्रयोजनार्थ सम्बन्धित सरकारी निकायबाट ईजाजत प्राप्त कम्पनी वा फर्मलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, कवाडी कर संकलन इजाजत पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र आवश्यक अन्य कानूनी कागजात सहित नेपाल बैंक लि., मेलम्ची शाखाको आन्तरिक राजस्व खाता नं. १६८०३००००१००१००००१ मा रु. १०००।– तिरेको बैंङ्क भौचर संलग्न राखी न्यूनतम अङ्क रु. २,५०,०००।– (अक्षरुपी दुई लाख पचास हजार रुपैयाँ मात्र) बाट नघट्ने गरी आर्थिक प्रस्ताव पेश गर्नको लागि यो सूचना प्रकाशित गरिएको छ। आर्थिक प्रस्तावको प्रस्ताव फाराम मेलम्ची नगरपालिकाको वेवसाइट www.melamchimun.gov.np बाट Download गरी वा मेलम्ची नगरपालिकाको राजस्व शाखाबाट प्राप्त गर्न सकिनेछ।

दरभाउपत्र सम्बन्धी शर्तहरु :-

१. प्रस्ताव पेश गर्दा कूल कबोल रकम अंक र अक्षर दुबैमा खुलाउनु पर्नेछ।
२. कबाडी कर संकलन अवधि सम्झौता भएको मिति देखि २०७९ असार मसान्तसम्म हुनेछ।
३. ठेक्का बमोजिम तिर्नुपर्ने अंकको मू.अ.कर दरभाउपत्र सकार गर्ने पक्षले आन्तरिक राजस्व कार्यालयको खातामा जम्मा गरी सोको बैंक भौचर यस कार्यालयमा पेश गर्नु पर्नेछ।
४. सम्झौता अनुसार एकमुष्ठ रकम नगरपालिकालाई बुझाएमा ५ प्रतिशत छुट दिइनेछ।
५. कारण जनाई वा नजनाई दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।
६. प्रस्ताव पेश गर्दा कुनै शर्त मान्य हुनेछैन र रित नपुगी प्राप्त भएको प्रस्ताव उपर कुनै कारवाही हुनेछैन।
७. मेलम्ची नगर कार्य पालिकाको कार्यालयमा प्राप्त भएको शिलबन्दी प्रस्ताव मिति २०७८/०८/१४ गते दिनको १:०० बजे यस कार्यालयमा खोलिनेछ।
८. आर्थिक प्रस्ताव दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट नियमानुसार खोलिनेछ।
९. अन्य कुराहरु प्रचलित ऐन कानून बमोजिम हुनेछ।
१०. किस्ता भुक्तानी तालिका देहाय अनुसार हुनेछ।

तपसिल

| किस्ता | किस्ता बुझाउने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | सम्झौताको समयमा | कबोल अंकको ५० प्रतिशत रकम। |
| अन्तिम किस्ता | २०७९ साल असार १५ गतेसम्म | कबोल अंकको ५० प्रतिशत रकम। |

११. प्रस्ताव पेश गर्ने ठेकेदार वा फर्मले मेलम्ची नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको देहाय बमोजिमको कर लिन पाउनेछ। कबाडी कर लिंदा कबाडी कर बिक्री तथा निकासी गर्नको लागि प्रयोग गरिने रसिद ठेकेदार आफैंले छपाई नगरपालिकाबाट प्रमाणित गरी प्रयोग गर्नुपर्नेछ। प्रमाणित नगरेको रसिदबाट कर संकलन गरेमा नियमानुसार कारवाही गरिनेछ।

तपसिल (नगरपालिकाबाट स्वीकृत गरिएको कबाडी करको दर)

| क्र.सं. | कबडी संकलन विवरण | इकाई | दर रु. |
|---|---|---|---|
| १ | ठूलो ट्रक | प्रति ट्रिप | ३००० |
| २ | सानो ट्रक/ट्रिपर | प्रति ट्रिप | १५०० |
| ३ | ट्रयाक्टर | प्रति ट्रिप | १००० |

२०७८।८।८
अमृत कुमार घिताल
प्रमुख प्रशासकीय अधिकृत

# मेलम्ची नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक
बगमती प्रदेश, नेपाल

अमृत कुमार घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

## कबाडी कर बिक्री तथा निकासी आर्थिक प्रस्ताव फाराम

---

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू मिति :
मेलम्ची नगर कार्यपालिकाको कार्यालय
मेलम्ची, सिन्धुपाल्चोक।

विषय : आर्थिक प्रस्ताव पेश गरिएको बारे।

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड घ.(४) तथा मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०७८ को दफा (६) मा भएको व्यवस्था बमोजिम आ.व. २०७८/०७९ मा त्यस नगरपालिका क्षेत्र भित्रबाट संकलन भई निकासी हुने खाली सिसी, प्लाष्टिक, बोतल, पुराना भाँडाकुँडा, पुराना जुत्ता, चप्पल, ग्यालिन, जर्किन, खाली बोरा, तेलको टिन, धातुको टुक्रा तथा कबाडी सामानहरु र प्रशोधन गरी पुन: प्रयोगमा आउन सक्ने कबाडीजन्य सामानहरुको बिक्री/निकासी गरी राजस्व संकलन गर्ने प्रयोजनार्थ तहाँ कार्यालयको मिति २०७८/०६/११ गतेको निर्णय तथा मिति २०७८/०८/०७ गतेको सूचना तथा कार्यालयबाट तोकिए बमोजिमको ढाँचामा बोल अङ्क खुलाई आर्थिक प्रस्ताव पेश गरेको छु।

संलग्न कागजातहरु :-

१.........................................

२.........................................

३.........................................

४.........................................

५.........................................

# मेलम्ची नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## मेलम्ची, सिन्धुपाल्चोक

## बगमती प्रदेश, नेपाल

अमृत कुमार धिताल
प्रमुख प्रशासकीय अधिकृत

### आर्थिक प्रस्तावको कबोल अंक विवरण

न्यूनतम कबोल अङ्क रु. २,५०,०००।– (अक्षरुपी दुई लाख पचास हजार रुपैयाँ मात्र)

| विवरण | कबोल गरिएको अंक. (मू.अ.कर बाहेक) | |
|---|---|---|
| | अंकमा | अक्षरमा |
| मेलम्ची नगरपालिका क्षेत्र भित्र खाली सिसी, प्लाष्टिक, बोतल, पुराना भाँडाकुँडा, पुराना जुत्ता, चप्पल, ग्यालिन, जर्किन, खाली बोरा, तेलको टिन, धातुको टुक्रा तथा कबाडी सामानहरु र प्रशोधन गरी पुनः प्रयोगमा आउन सक्ने कबाडीजन्य सामानहरुको बिक्री/निकासी कार्य। | | |

निवेदक

ठेकेदारको नाम, थर

दस्तखत :

फर्म वा कम्पनीको नाम :

ठेगाना :

फर्मको छाप :